# राष्ट्रिय ताल संरक्षण विकास समिति (गठन) आदेश, २०६३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०६३।११।२३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम " राष्ट्रिय ताल संरक्षण विकास समिति (गठन) आदेश, २०६३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा, -

(क) "**समिति**" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय ताल संरक्षण विकास समिति सम्झनु पर्छ।

(ख) "**अध्यक्ष**" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ग) "**सदस्य**" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ।

(घ) "**ताल**" भन्नाले धार्मिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका ताल, तलैया, कुण्ड, पोखरी र दह सम्झनु पर्छ।

(ङ) "**कार्यकारी निर्देशक**" भन्नाले दफा ६ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(च) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. **समितिको गठनः** (१) नेपालका विभिन्न तालहरुको संरक्षण तथा विकास गर्नका लागि राष्ट्रिय ताल संरक्षण विकास समिति नामको एउटा समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) पर्यटन तथा प्राकृतिक स्रोत व्यवस्थापनको क्षेत्रमा काम गरेका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष (अवैतनिक)

(ख) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, जलस्रोत मन्त्रालय - सदस्य

(ङ) कार्यकारी प्रमुख, नेपाल पर्यटन बोर्ड - सदस्य

(च) पर्यटन तथा प्राकृतिक स्रोत व्यवस्थापनको क्षेत्रमा संलग्न व्यक्ति वा पर्यटन व्यवसायीहरु मध्येबाट कम्तीमा एकजना महिला समेत रहने गरी नेपाल सरकारबाट मनोनित तीन जना - सदस्य

(छ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) अध्यक्ष तथा मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा मनोनित सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा नेपाल सरकारले जुनसुकै बखत अध्यक्ष तथा सदस्यलाई पदबाट हटाउन सक्ने छ । तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) समितिले तालको संरक्षण तथा विकास सम्बन्धी काममा संलग्न विज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ताल संरक्षण तथा विकास सम्बन्धी नीति तर्जुमा गर्दा नेपाल सरकारलाई आवश्यक परामर्श दिने,

(ख) तालको संरक्षण तथा विकास सम्बन्धी नीतिको अधीनमा रही क्षेत्रगत मन्त्रालयसँग समन्वय गर्दै कार्यक्रम तर्जुमा गरी लागू गर्ने,

(ग)ताललाई मनोरञ्जन स्थल तथा पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्ने,

(घ) तालको धार्मिक तथा सांस्कृतिक महत्वको पहिचान गरी प्रचार प्रसार गर्ने,

(ङ) तालको समुचित व्यवस्थापन तथा प्रयोग सम्बन्धी कार्यक्रम बनाई स्थानीय बासिन्दाको आय आर्जनको स्रोतको रुपमा विकास गर्ने,

(च) ताल क्षेत्रको सीमाकंन गरी सोको लगत राख्ने ।

(छ) ताल क्षेत्रभित्रको जग्गा कसैले कुनै किसिमले अतिक्रमण गरेको रहेछ भने कानुन बमोजिम हटाई आफ्नो कब्जामा लिने,

(ज) ताल क्षेत्रमा हुने प्रदुषण नियन्त्रण गरी ताल क्षेत्रको संरक्षण र विकास गर्ने,

(झ) ताल क्षेत्र एवं सो को आसपासमा गरिने कुनै पनि विकास निर्माण तथा अन्य क्रियाकलाप सम्बन्धी मापदण्ड तयार गरी सो कार्यान्वयन सम्बन्धमा आवश्यक निरीक्षण, निर्देशन, अनुगमन तथा समन्वय गर्ने,

(ञ) ताल क्षेत्रको वातावरण र जैविक विविधता एवं सुन्दरतामा प्रतिकूल असर पार्ने गरी सञ्चालन गरिने क्रियाकलाप रोक्ने तथा रोक्न लगाउने,

(ट) तालको संरक्षण तथा विकास गर्ने सम्बन्धमा आवश्यकतासार स्वदेशी तथा विदेशी संघ संस्थासँग समन्वय कायम गर्ने,

(ठ) समितिको वार्षिक योजना स्वीकृत गरी कार्यान्वयन गर्ने,

(ड) समितिको उद्देश्य पूर्तिका लागि आवश्यक अन्य कार्यहरु गर्ने, गराउने ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना समितिको सदस्य-सचिवले बैठक बस्नु भन्दा कम्तीमा सात दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य सख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिका सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **कार्यकारी निर्देशकः** (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान, वाणिज्य शास्त्र, व्यवस्थापन, प्राकृतिक स्रोत व्यवस्थापन र ग्रामीण विकास सम्बन्धी विषयमा कम्तीमा स्नातक गरेको व्यक्तिलाई नेपाल सरकारले कार्यकारी निर्देशकको रुपमा नियुक्ति गर्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले पद अनुरुप काम नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिए सम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

७. **समितिका कर्मचारीः** (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) समितिका कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (२) बमोजिम कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा दरवन्दी सृजना वा थप गर्दा वा सचिवालय स्थापना जस्ता आर्थिक दायित्व

पर्ने विषयमा निर्णय गर्दा समितिले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

८. **समितिको कोषः** (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट चन्दा वा सहायता स्वरुप प्राप्त गरेको रकम,

(ग) अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा व्यक्तिबाट ऋण वा अनुदान स्वरुप प्राप्त रकम,

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा बापत प्राप्त रकम वा

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिमको कोषमा रहने रकम नेपाल भित्रको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

(५) समितिको खाता समितिको सदस्य-सचिव र समितिले तोकेको लेखा सम्बन्धी ज्ञान भएको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. **लेखा र लेखा परीक्षणः** (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाचाँ बमोजिम राखिनेछ ।

(२) समितिको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी वा जिन्सी, जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. **उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) विभिन्न जिल्लामा रहेका तालको संरक्षण तथा विकास गर्ने सम्बन्धमा आवश्यक कार्य गर्न समितिले सम्बन्धित जिल्लाको जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा अन्य सम्वद्ध व्यक्तिहरु समेत रहने गरी आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. **बैठक भत्ताः** समितिका अध्यक्ष तथा सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

१२. **निर्देशन दिन सक्नेः** नेपाल सरकारले तालको संरक्षण तथा विकास गर्ने सम्बन्धमा समितिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. **अधिकार प्रत्यायोजनः** समितिले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. **नेपाल सरकारसँग सम्पर्कः** समितिले आफ्नो काम कारवाहीको सिलसिलामा नेपाल सरकारसँग सम्पर्क राख्नुपर्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१५. **समितिको कार्यालयः** (१) समितिको मुख्य कार्यालय काठमाडौंमा रहनेछ ।

(२) समितिले आवश्यकता अनुसार अन्य स्थानमा समितिको शाखा कार्यालय खोल्न सक्नेछ ।

१६. **नियम बनाउने अधिकारः** समितिले यस आदेशको उद्देश्य पूर्तिको लागि आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।